वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काप फोल्डिङ, स्टरिङ कार्पेन्ट्री, आक वेल्डिङ, क्लिभर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'साथी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४४२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

○वर्ष ८ ○अंक २२१ ○श्रेणी 'क' ○२०७३ जेठ ९ गते आइतबार ○22 May 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

बसपार्कको जग्गामा मिनी मार्केट !

पोखरा ८ जेठ ।

जग्गा अधिग्रहण गरेको ४० वर्ष नाघ्यो । बिसं. २०३२ सालमा पोखरामा व्यवस्थित बसपार्क निर्माणको लागि अधिग्रहण गरिएको २०५ रोपनी जग्गा अहिले खुम्चिएर ८१ रोपनीमा झरेको छ । बसपार्ककै लागि अधिग्रहण गरिएको २०५ रोपनी मध्य पृथ्वी राजमार्गसँग जोडिएको २० रोपनी वास्तविक जग्गाधनीलाई छुट्याइएको थियो । सो स्थानमा अहिले सटरसहितका पसलहरु संचालनमा छन् । कतिपय राजनीतिक दलले अगाडिको जग्गा छोडेर पछाडि बसपार्क बन्न नसक्ने र सो जग्गा पनि बसपार्ककै प्रयोजनमा आउनुपर्ने अड्को पाँचरिर्दा मार्केट निर्माण गरिएको हो ।

'सुकुम्बासीलाई उचित बैकल्पिक व्यवस्था सहित बसपार्क बनाउनुपर्छ भनेर हामीले भनिरहँदा यहाँ भित्रकै जग्गामा मिनी मार्केट बन्दैछ,' अखिल नेपाल सुकुम्बासी संघ कास्कीका अध्यक्ष विलिप सुनारले भने-'सुकुम्बासीलाई हटाउने अनि मिनी मार्केट बनाउने यो कस्तो नियम हो?' विष्वव नेतृत्वको नेकपा माओवादीकी नेतृ साविती दुरालले जुन प्रयोजनका लागि जग्गा अधिग्रहण गरेको हो सोही प्रयोजनमा बसपार्क निर्माणको लागि अधिग्रहण गरिएको जग्गा के कति उपयोग गर्ने भन्ने जुहारी चलिरहेका बेला सोही स्थानमा ठुलो क्षेत्रफल ओगट्ने गरी मिनी मार्केट निर्माण गरिएको छ । बसपार्कको लागि अधिग्रहण गरिएको २०५ रोपनी मध्य पृथ्वी राजमार्गसँग जोडिएको २० रोपनी वास्तविक जग्गाधनीलाई छुट्याइएको थियो । सो स्थानमा अहिले सटरसहितका पसलहरु संचालनमा छन् । कतिपय राजनीतिक दलले अगाडिको जग्गा छोडेर पछाडि बसपार्क बन्न नसक्ने र सो जग्गा पनि बसपार्ककै प्रयोजनमा आउनुपर्ने अड्को पाँचरिर्दा मार्केट निर्माण गरिएको हो ।

'सुकुम्बासीलाई उचित बैकल्पिक व्यवस्था सहित बसपार्क बनाउनुपर्छ भनेर हामीले भनिरहँदा यहाँ भित्रकै जग्गामा मिनी मार्केट बन्दैछ,' अखिल नेपाल सुकुम्बासी संघ कास्कीका अध्यक्ष विलिप सुनारले भने-'सुकुम्बासीलाई हटाउने अनि मिनी मार्केट बनाउने यो कस्तो नियम हो?' विष्वव नेतृत्वको नेकपा माओवादीकी नेतृ साविती दुरालले जुन प्रयोजनका लागि जग्गा अधिग्रहण गरेको हो सोही प्रयोजनमा बसपार्क बनाउनुपर्ने बताइन् । उनले राजमार्ग छेउको जग्गा छोडेर भित्री जग्गा मात्रै प्रयोग गर्ने सर्त मान्न नसकिने बताईन् 'सुरुमा बनाएको २०५ रोपनीको मापदण्ड अनुसारनै हुनुपर्छ,' उनले भनिन्-'अगाडि व्यक्तिका नाममा भएका सटरलाई मुआब्जा दिनुपरे राज्यले दिएर हटाउनुपर्छ ।'

पृथ्वी राजमार्गसँग जोडिएको वास्तविक जग्गाधनीको नाममा रहेको जग्गामै मार्केट बनेको बताए । उनका अनुसार २०६० सालमा जग्गा किनाम कार्यक्रम अन्तर्गत जग्गाधनीलाई चार रोपनी क्षेत्रफल बराबर दुई वटा घडेरी दिने निर्णय भएअनुसार राजमार्ग छेउको २० रोपनी जग्गा दिइएको थियो । 'मार्केट निर्माण हुदैछ भन्ने जानकारी आएपछि हामीले अनुगमनको लागि टोली पठाएका थियौं,' उनले भने-'६० सालमै वास्तविक जग्गाधनीलाई छुट्याको जग्गामा बन्न लागेको हो ।' उनले सो जग्गा अहिले बसपार्क मापदण्ड भित्र नपर्ने र व्यक्तिको नाममा रहेको बताएपनि केही राजनीतिक दल र सुकुम्बासीहरुले मार्केट बनाउन दिन नहुने जिकिर गरेका छन् । एजेन्सी

सीमांकन गर्ने आयोग कार्यविधिमै अल्मलियो

गोल्डेन न्यूज संवाददाता
काठमाडौं ८ जेठ ।

सरकारले आउँदो मंसिरमा स्थानीय निकायको निर्वाचन हुने भनेर घोषणा गरिसकेको छ । तर गाउँ, नगरपालिका र विशेष स्वायत्त क्षेत्रको संख्या तथा सीमानाको टुंगो लाग्नसकेको छैन । संघीय संरचनाअनुसार सीमांकन टुंगो लगाउने जिम्मा 'गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सिमाना निर्धारण आयोग'लाई दिइएको छ । २०६० सालमा जग्गा किनाम कार्यक्रम अन्तर्गत जग्गाधनीलाई चार रोपनी क्षेत्रफल बराबर दुई वटा घडेरी दिने निर्णय भएअनुसार राजमार्ग छेउको २० रोपनी जग्गा दिइएको थियो । 'मार्केट निर्माण हुदैछ भन्ने जानकारी आएपछि हामीले अनुगमनको लागि टोली पठाएका थियौं,' उनले भने-'६० सालमै वास्तविक जग्गाधनीलाई छुट्याको जग्गामा बन्न लागेको हो ।' उनले सो जग्गा अहिले बसपार्क मापदण्ड भित्र नपर्ने र व्यक्तिको नाममा रहेको बताएपनि केही राजनीतिक दल र सुकुम्बासीहरुले मार्केट बनाउन दिन नहुने जिकिर गरेका छन् । एजेन्सी

सय भन्दा बढीले पसल राख्नको लागि नाम दर्ता गराइसकेको दावी गरिएको छ । मिनी मार्केटमा तरकारी, खाद्य सामग्रीसहित लत्ता कपडा लगायतका सम्पूर्ण समान रहने बताइएको छ ।

उपत्यका नगर विकास समितिका अध्यक्ष प्रकाशमोहन खनालले वास्तविक जग्गाधनीको नाममा रहेको जग्गामै मार्केट बनेको बताए । उनका अनुसार २०६० सालमा जग्गा किनाम कार्यक्रम अन्तर्गत जग्गाधनीलाई चार रोपनी क्षेत्रफल बराबर दुई वटा घडेरी दिने निर्णय भएअनुसार राजमार्ग छेउको २० रोपनी जग्गा दिइएको थियो । 'मार्केट निर्माण हुदैछ भन्ने जानकारी आएपछि हामीले अनुगमनको लागि टोली पठाएका थियौं,' उनले भने-'६० सालमै वास्तविक जग्गाधनीलाई छुट्याको जग्गामा बन्न लागेको हो ।' उनले सो जग्गा अहिले बसपार्क मापदण्ड भित्र नपर्ने र व्यक्तिको नाममा रहेको बताएपनि केही राजनीतिक दल र सुकुम्बासीहरुले मार्केट बनाउन दिन नहुने जिकिर गरेका छन् । एजेन्सी

माधव बास्तोला, उमाराज बास्तोला, बलराम बास्तोला र बाबुराम आचार्यले ३२० पसल रहने गरी सो मिनी मार्केट निर्माण गरेका हुन् । उनीहरुले सो जग्गा १० वर्षको लागि वार्षिक एक करोड २० लाख रुपैयाँ तिर्नेगरी भाडामा लिएका हुन् । यो महिनाभित्र सम्पन्न गर्नेगरी निर्माण कार्य भैरहेको छ । असार पहिलो साता उद्घाटन गर्ने भनिएको सो मिनी मार्केटमा अहिलेसम्म पाँच

हामीले काम नसकेसम्म प्रदेश वा संघमा कुनै पनि इलेक्सन हुँदैन,' आयोगका सदस्य डा. माधव अधिकारीले अनलाइनखबरसँग भने, 'त्यसैले हामी रात-दिन नभनेर काममा लागिरहेका छौं ।' आयोगले सिमांकन टुंगो नलगाएसम्म निर्वाचन क्षेत्र छुँदैन । निर्वाचन क्षेत्र नछुँइएसम्म चुनाव पनि हुँदैन। त्यसैले संवैधानिक व्यवस्था अनुसार एक वर्षभन्र सिमांकन टुंगो लगाइसक्नुपर्ने बाध्यता आयोगलाई छ । तर, गत चैत एक गते गठन भएको आयोग दुई महिना बितिसक्दा पनि कार्यविधि बनाउनमै अल्झिरहेको छ । यद्यपि काम भने तोकिएकै समय अवधिभित्र सक्ने आयोग सदस्यको दावी छ । 'संविधानले तोकेको म्याद एक वर्ष हो, त्यतिन्जेलसम्म जसरी पनि सम्पन्नुछ,' आयोग सदस्य अधिकारीले भने,-'हामी टिठोभार बनाइरहेका छौं । म आफै भुगोलको विद्यार्थी भएकाले मलाई विश्वास छ हामी तोकिएकै अवधिमा काम सक्छौं ।' कार्यविधिलाई टुंगो लगाइसकेपछि जिल्ला-जिल्लामा गठन गरिएको प्राविधिक समितिहरुसँग छलफल गर्ने आयोगले तयारी गरिरहेको छ । सम्बन्धित जिल्लाको स्थानिय विकास अधिकारी प्राविधिक समितिको अध्यक्ष हुन्छन् । आयोग सदस्य अधिकारीले छिट्टै हरेक प्रदेशमा जाने र सिमांकनबारे छलफल चलाउने बताए । उनले प्रदेशको सिमांकनको क्रममा आउनसक्ने अवरोधलाई विश्लेषण गर्दै अघि बढ्ने बताए ।

अधिकारीले भने, गाउँ-गाउँमा गएर धर्को नै तानेर सिमांकन टुंगो लगाउनुपर्ने बताए । उनले भने, 'यो प्रक्रियामा सम्पन्न गर्नेगरी हामी सबैले राम्रोसँग चुस्केका छौं ।'

६ गाविसलाई समेटेर इलाका प्रशासन कार्यालय

गोल्डेन न्यूज संवाददाता
पोखरा ८ जेठ ।

कास्कीको लेखनाथमा स्थापना गरिएको इलाका प्रशासन कार्यालयले लेखनाथ नगरपालिका सहित आसपासका ६ गाविसमा सेवा प्रदान गर्ने भएको छ । शुक्रवार बसेको सर्वदलीय बैठकले लेखनाथको खुरी बुढेपाटनमा स्थापना गरिएको कार्यालयको कार्यक्षेत्र निर्धारण गरेको हो ।

निर्णय अनुसार लेखनाथ नगरपालिका सहित धुम्की, सिद्र, हंसपुर, देउराली, माझठाना र रुपाकोट गाविसका वासिन्दाले इलाका प्रशासन कार्यालय मार्फत जिल्ला प्रशासनको सेवा प्राप्त गर्नेछन् । कार्यालय प्रमुख दिपेन्द्र पौडेलले दिएको जानकारी अनुसार शुक्रबारको बैठकले पछि कार्यक्षेत्र बढाउन पनि सकिने निर्णय समेत गरेको छ ।

'त्यस क्षेत्रका नजिक पर्ने, वरपरका गाविसलाई भौगोलिक दुरी, क्षेत्रका हिसाबले पायक पर्ने र सेवा लिन सहज हुने देखिएमा तथा त्यस क्षेत्रमा स्थानिय वासिन्दाबाट पुल मार भई आएमा आवश्यकता हेरी पुनःकार्यक्षेत्र तय गर्न सकिनेछ' सर्वदलीय बैठकको निर्णयमा

भनिएको छ । कार्यालय व्यवस्थापन को काम पुरा भएको र कार्यक्षेत्र पनि तोकिएपछि अब सेवा सञ्चालन गर्न मात्रै बाँकी छ ।

क्षेत्रीय प्रशासक बुद्धजयन्ती समारोहको लागि लुम्बिनीमा रहेकाले फर्किएपछि औपचारिक कार्यक्रमको बिच सेवा सुरुवात गरिने पौडेलले बताए ।

इलाका प्रशासन कार्यालयको सेवा सुरुवातसँगै कास्कीको लेखनाथ नगरपालिकासहित ६ वटा गाविसका वासिन्दा जिल्ला प्रशासनबाट लिने सेवाकै लागि पोखरासम्म धाउन नपर्ने भएको छ ।

कार्यालयका लागि स्वीकृत दरबन्दी अनुसारका कर्मचारी पनि आइसकेका छन् । इलाका प्रशासन कार्यालय लेखनाथमा तेस्रो श्रेणीका अधिकृतको नेतृत्वमा १० जना कर्मचारी रहनेछन् । तेस्रो श्रेणीका एक जना साखा अधिकृत, चार जना नायब सुब्बा, एक जना सह लेखापाल, सहायक कम्प्युटर अपरेटर एक जना तथा करार सेवाबाट दुई जना कार्यालय सहायक र अर्का एक गरी १० जना कर्मचारी कार्यालयमा रहनेछन् । कार्यालयमा चार वटा शाखा रहनेछन् । स्थानीय प्रशासन तथा शान्ति सुरक्षा, नागरिकता, राहदानी, नुनासो तथा इन्द्र व्यवस्थापन लेखा शाखा गरी चार शाखा स्थापना गरी इलाका प्रशासन कार्यालय सञ्चालनमा ल्याउन लागिएको हो ।

कार्यालय व्यवस्थापन संगै कर्मचारीको तलबको लागि तत्काल १७ लाख रुपैयाँ बजेट आएको प्रमुख पौडेलले जानकारी दिए ।

प्रमुख जिल्ला अधिकारी हरि प्रसाद मैनालीले स्थानीयको आवश्यकता अनुसार कार्यालय स्थापना गरिएको भन्दै सेवाग्राहीले सहज सेवा पाउने विश्वास व्यक्त गरे । गृह मन्त्रालयले गत वर्षको कार्तिक २९ गतेनै इलाका प्रशासन कार्यालय सचालनका लागि स्वीकृत प्रदान गरेपछि सामान्य प्रशासन मन्त्रालयले दरबन्दी स्वीकृत गरी पठाएको थियो ।

कार्यालयबाट नागरिकता, राहदानी लगायत जिल्ला प्रशासनबाट दिने सामान्य सेवाहरु प्रदान गरिनेछ । इलाका प्रशासन कार्यालय संचालनमा आएपछि पोखराश्थित जिल्ला प्रशासन कार्यालयमा सेवाग्राहीको चाप कम हुने विश्वास लिइएको छ ।

अनलाइन शिक्षालाई व्यापक बनाउन अभियान

गोल्डेन न्यूज संवाददाता
पोखरा ८ जेठ ।

अनलाइन एजुकेशनको महत्व र प्रयोगलाई व्यापकता दिलाउन नयाँ अभियान शुरु गरिने भएको छ । अमेरिकी दूतावासको सहयोगमा पोखराको मदरप्याण्ड उच्च माविका शिक्षक वामनकुमार घिमिरेले यो अभियानलाई अघि बढाएका छन् । विगत केही वर्षदेखि मेरिगन अोपन अनलाइन कोर्सहरु रुपमा अमेरिकाको विभिन्न विश्वविद्यालय ले राखेपछि पोखरामा शिक्षक घिमिरेले अनलाईन शिक्षा दिन थालेका हुन् । उनले आफ्नो विद्यालयमामात्र नभइ पोखरास्थित विभिन्न विद्यालयका विद्यार्थी र शिक्षकलाई अनलाइन कोर्सका बारेमा सहजीकरण गर्दै जाँदा प्रभावकारी देखिएपछि अमेरिकी दूतावासले नै यसलाई नेपालको विभिन्न ठाउँमा पुऱ्याउन सहयोग गर्ने भएको हो ।

नेपालको विभिन्न १० वटा ठाउँमा रहेका १० विद्यालय ।५ वटा वटा निजी र ५ वटा सामुदायिक। मा अध्ययन गर्ने सबै विद्यालयमा ३ जना छात्र र ३ जना छात्राका साथै १ शिक्षकलाई अनलाईन कोर्सको बारेमा प्रशिक्षण दिइनेछ । जसअनुसार देशका विभिन्न स्थानबाट ६ सय जना विद्यार्थी र १०० जना शिक्षक अनलाइन शिक्षाको प्रशिक्षक तयार हुने र उनीहरुको माध्यममार्फत स्थानीय स्तरमा अनलाईन शिक्षालाई पुऱ्याउने लक्ष्य राखिएको छ । १० वटा केन्द्रको रुपमा पोखरा, बुटवल, धनगढी, विराटनगर, धरान र हेटौंडामा १/१ वटा र काठमाडौं र ललितपुरमा २/२ वटा केन्द्र रहने अभियन्ता शिक्षक वामन घिमिरेले बताए । उनका अनुसार पोखराका १६ जना विद्यार्थीहरु विभिन्न १० वटा केन्द्रमा पुगेर प्रशिक्षणमा पुगेर सहभागी बन्नेछन् ।

केन्द्रका संयोजक र अनलाइन कोर्स पुरा गरेर प्रशिक्षक बनेका विद्यार्थीहरु समेतको उपस्थितिमा शनिवार पोखरामै आयोजित कार्यक्रममा बोल्दै उच्च माबि शिक्षा परिषदका क्षेत्रीय प्रमुख अशोक न्यौपानेले देशको औपाचारिक शिक्षाले मात्र विद्यार्थीहरुलाई सबै किसिमको ज्ञान प्राप्त गर्न नसकेको अवस्थामा अनलाइन शिक्षालाई व्यापक बनाउन अभियान शुरु गरिएको बताए । उनले यसलाई ग्रामिण तहसम्म लैजानुपर्नेमा जोड दिए।

नेपाल पत्रकार महासंघका पूर्व उपसभापति गोल्डेन न्यूज दैनिकका प्रधान सम्पादक गंगाधर पराजुलीले मुलुकको वर्तमान शिक्षा प्रणाली शिक्षित बरोजगार उत्पादन गर्न खालका रहेको भन्दै विद्यार्थीहरुको ज्ञान र आत्मविश्वास बढाउन अनलाइन शिक्षा प्रभावकारी हुने बताए ।

उनले मार्क्सिटमा प्राप्त गरेको अंकका आधारमा भन्दा विद्यार्थीको व्यवहारिक ज्ञान र अतिरिक्त ज्ञानलाई आधार मानेर मूल्याङ्कन गर्नुपर्नेमा जोड दिए ।

मदरप्याण्ड उच्च माबि व्यवस्थापन समितिका अध्यक्ष नारायण बरालको अध्यक्षतामा भएको कार्यक्रममा हिमांत शनिवार पोखरामै आयोजित कार्यक्रममा बोल्दै उच्च माबि शिक्षा परिषदका क्षेत्रीय प्रमुख अशोक न्यौपानेले देशको औपाचारिक शिक्षाले मात्र विद्यार्थीहरुलाई सबै किसिमको ज्ञान प्राप्त गर्न नसकेको अवस्थामा अनलाइन शिक्षालाई व्यापक बनाउन अभियान शुरु गरिएको बताए । उनले अनलाइन कोर्सको बारेमा प्रशिक्षण दिइनेछ । जसअनुसार देशका विभिन्न स्थानबाट ६ सय जना विद्यार्थी र १०० जना शिक्षक अनलाइन शिक्षाको प्रशिक्षक तयार हुने र उनीहरुको माध्यममार्फत स्थानीय स्तरमा अनलाईन शिक्षालाई पुऱ्याउने लक्ष्य राखिएको छ । १० वटा केन्द्रको रुपमा पोखरा, बुटवल, धनगढी, विराटनगर, धरान र हेटौंडामा १/१ वटा र काठमाडौं र ललितपुरमा २/२ वटा केन्द्र रहने अभियन्ता शिक्षक वामन घिमिरेले बताए । उनका अनुसार पोखराका १६ जना विद्यार्थीहरु विभिन्न १० वटा केन्द्रमा पुगेर प्रशिक्षणमा पुगेर सहभागी बन्नेछन् ।

केन्द्रका संयोजक र अनलाइन कोर्स पुरा गरेर प्रशिक्षक बनेका विद्यार्थीहरु समेतको उपस्थितिमा

■ मानिस ठूलो दिलले हुन्छ जातले हुदैन ।
- महाकवि लक्ष्मीप्रसाद देवकोटा

सम्पादकीय ...

माओवादी एकता र अपेक्षा

नेकपा माओवादीबाट विगत चार वर्षको अवधिमा फुटेर विभिन्न समूहमा विभाजित स-साना दलहरु विहीवार पुनः मूलधारमै फर्किएका छन् । अलग भएर सानो समूहमा बस्दा केही पनि गर्न नसकेको आत्मग्लानि र पश्चाताप बोध गरी उनीहरु अहिले पार्टी एकीकरणको लामो प्रयासपछि प्रचण्ड नेतृत्वको नेकपा माओवादीमा आवद्ध भएका हुन् । अहिले एकीकरणपश्चात् नेकपा माओवादी केन्द्र नामकरण गरिएको सो पार्टीमा केन्द्रीय सदस्यको संख्या जम्बो आकारमा ६९९ रहेको छ र आगामी चैतभित्र नवगठित पार्टीको महाधिवेशन हुनेछ । तर, वरिष्ठ वामपन्थी नेता मोहन वैद्य किरण र डा. बाबुराम भट्टराईजस्ता व्यक्तित्वहरुलाई समेट्न सकेको भए एकीकरणले पूर्णता पाउन सक्नेथियो । यद्यपि, यो एकीकरण प्रक्रिया सफल भएकोमा माओवादी अध्यक्ष प्रचण्ड अत्यधिक हर्षित भएको पाइएको छ । चिनियाँ जनताका महान् नेता माओत्सेतुङको साम्यवादी राजनीतिक सिद्धान्तबाट अभिप्रेरित भएर नेपालमा पनि यसको प्रभाव बाक्लै देखिएको छ । तर, परिवर्तित समयसँगै यसको मूल स्वरुपमा परिवर्तन हुने गरेको पाइन्छ । तैपनि, श्रमजीवी जनताको हकहितका सवाल र किसान, मजदुरका ज्वलन्त समस्याहरुका बारेमा आवाज उठाउँदै श्रमको मूल्य स्थापित गराउन भने यो पार्टीले छोडेको छैन । नेपालमा एकपटक प्रचण्डको नेतृत्वमा सरकार चलाउने अवसर पाएको एमाओवादी पार्टीले जनताका ज्वलन्त समस्याहरु र सर्वहारा वर्गको जनजीविकाको सवालमा खासै काम गर्न भने सकेन । माओवादी नेतृत्व तहले विलासी जीवनशैली अपनाउन थालेको र सुविधाभोगी हुँदै आएको आरोप लागेको छ । यसैको फलस्वरुप गत संसदीय निर्वाचनमा सो पार्टीले तेस्रो स्थानमा चित्त बुझाउनु परेको थियो । अध्यक्ष प्रचण्डले पार्टी एकीकरण समारोहमा विगतका कमीकमजोरीहरु सच्याउँदै नयाँ ढंगले सबैको सहयोग लिएर जनताको पक्षमा काम गर्ने प्रतिबद्धता व्यक्त गरेका कारण अब यो पार्टी सुधिने र सरकार चलाउन पनि सम्भव हुने अकिलन गर्न थालिएको छ । नेपालका वामपन्थीहरुमा विभाजनको नराम्रो रोग लागेको लामो इतिहास छ । सानो कुरामा पनि नेतृत्व तहसँग असहमति जनाउँदै पार्टी विभाजन गर्ने र आफू नेता भएर बस्ने आत्मरतिको रोगबाट अहिले पनि वामपन्थी नेताहरु मुक्त भैसकेका छैनन् । अहिले भएको यो माओवादी एकीकरण कतिको टिकाउ हुन्छ भन्ने कुरा थाहा पाउन केही समय प्रतिक्षा गर्नैपर्ने हुन्छ । नेपाली जनताले यो एक भएको माओवादी केन्द्र अब विभाजित नहोस् र गरिब जनताको पक्षमा रामा कामहरु गरोस् भन्ने चाहेका छन् । इतिहासले गल्तीलाई माफ गर्दैन । मानिसबाट जानी-नजानी गल्ती हुन सक्ने सम्भावना जीवितै रहेको कारण नवगठित यो पार्टीले भविष्यमा आफूलाई सजग र सचेत बनाएर काम गर्नु पनि उत्तिकै जरूरी देखिएको छ । एकतामा बल हुन्छ भन्ने स्थापित मान्यतालाई आत्मसात् गर्दै अध्यक्ष प्रचण्डले ठूलो आकारको केन्द्रीय नेतृत्वलाई सक्षमतापूर्वक सञ्चालन गर्ने अपेक्षा अहिले जनतालें गरिरहेका छन् ।

आजको पञ्चाङ्ग

मिति २०७३ साल जेष्ठ ९ गते आइतबार, तदनुसार मइ २१ सन् २०१६, श्रीशार्के १९३७, नेपाल संवत् ११३६, सौम्यनामक संवत्सरः, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् वसन्त ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार ज्येष्ठकृष्णपक्ष चलिरहेको छ। सौरमान अनुसार आज ज्येष्ठकृष्णपक्षको प्रतिपदा तिथि अहोरात्र रहनेछ आज सूर्य वृष राशिमा,चन्द्रमा वृश्चिक राशिमा अहोरात्र रहनेछ आज दिनमान ३३ घटि ५९ पलाको रहनेछ आज सर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर १३ मिनेटमा रौद्र मूहूर्तमा हुनेछ भने सूर्यास्त साझ ६ बजेर ४९ मिनेटमा हुनेछ

आजको राशिफल

मेष : पारिवारिक जमघट बढ्ने, राजनैतिक क्षेत्रमा सफलता, गरेको प्रयास सार्थक रहनेछ दिन शुभ छ उपयोग गर्नुहोला ।

वृष : यशकृर्ति बढ्ने, शत्रुमाथि विजय हासिल, घरमा नयाँ मान्छेको आगामन हुनेछ, दिन सुखद बित्नेछ ।

मिथुन : गर्न खोजेको काम विफल हुनेछन्, मनमा अशान्ति छाउने, स्वास्थ्यमा एक्कासी गडबडी आउन सक्नेछ सर्तक हुनुहोला ।

कर्कट : विरोधीहरू सक्रिय हुनेछन्, अपजस आईलाग्ने, अनाश्यक टकराव खेल्नु पर्ने दिन शुभ छैन चनाखो रहनुहोला ।

सिंह : सबै क्षेत्रबाट लाभ पाइन सक्ने, आर्थिक समस्याको समाधान हुने, नबिन कार्यको थालनी गर्दा राम्रो, दिन शुभ रहेको छ ।

कन्या : आर्दजनि काम गर्न असफल, अफन्तवाट विरोध आउनेछ, व्यापारमा मन्दी आउने, दिन सामान्य रहेको छ ।

तुला : आफन्तजनसंग मनमुटाव हुन सक्ला, मन चञ्चल रहने, रेटवा कम्मरको रोग लाग्ने, चिन्ता पर्ने खबर प्राप्त होला ।

वृश्चिक : मानसिक पीडा थपिने, मानहानी, आफन्तवाट धोका हुन सक्ने, आम्दानीका श्रोतहरू घट्नेछन् नआतिनु होला ।

धनु : ठाडावाट धन प्राप्त हुन सक्नेछ, शियतम भटघाट हुनेछ, धार्मिक क्षेत्रवाट लाभ पाइनेछ, स्वास्थ्य राम्रो रहेछ ।

मकर : नयाँ ठाँउमा जाँदा आदरसत्कार पाइने, नयाँ क्षेत्रमा गरेको लगानीवाट मनग्य आम्दानी, दिन अत्यन्त राम्रो छ ।

कुम्भ : सरकारी कार्य असफल हुन सक्छ, मुद्दा मामिलामा हात नहाल्नुहोला, इज्जतमा आँच आउन सक्नेछ ।

मीन : चोटपटकको भय, ठाडाको यात्रा असफल हुनेछ जोगिनुहोला, नास्तिक विचारले सताउनेछ, समय खराव रहेको छ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४९१४३६९

माओवादी एकता, आजको आवश्यकता

रुजीत तामाङ

युगान्तकारी परिवर्तनको मूल प्रवाह माओवादी आन्दोलन नै हो । माओवादी आन्दोलन एकताबद्ध एवम् एक हुनु पर्दछ भन्ने भावना हरेक परिवर्तनका पक्षधर जनसमुदायको आकांक्षा हो । विभिन्न धारमा उभिएर टुट-फुट भएकाहरुको पनि चाहाना माओवादी एकता हो । शहिद परिवार, वेपत्ता परिवार, पार्टी कार्यकर्ता, शुभचिन्तक एवम् विश्वधारिका सर्वहाराबादी जनसमुदायको चाहना नेपालमा एउटै शक्तिशाली माओवादी पार्टी होस भन्ने नै हो । त्यसैका निम्ति विगतमा सँगै जनयुद्ध लडेका माओवादी पार्टीहरुको एकता भएकै छ । विगतमा टुट फुट र विभाजनको श्रृङ्खलाबाट गुज्रिएकाहरु अहिले एउटै केन्द्रमा आएका छन् । यसले आम माओवादी भित्र उत्साह सिर्जना भए पनि प्रतिस्पर्धी पार्टीहरुले आरिस गरिरहेका छन् ।

१० वर्षको महान् जनयुद्धको नेतृत्व गरी राजनीतिक र फौजीरुपमा समानन्तवादी सत्ता ध्वस्त बनाएको पार्टी शान्तिप्रक्रिया सँगै स-साना समूहमा विभाजन हुन पुग्यो । मणि थापा र मातृका यादवको फुट तथा रविन्द्र श्रेष्ठको पलायनका बावजुद ०६९ असारमा किरणको नेतृत्वमा भएको अर्को फुटले माओवादी पार्टी झनै होइन, सिंगो नेपालको कम्युनिष्ट आन्दोलन कमजोर बन्न पुग्यो । जसका कारण क्रान्तिकारी आन्दोलन पनि कमजोर बन्न पुग्यो र प्रतिक्रान्तिकारी शक्तिहरु हावी हुन पुगे । जसले क्रान्तिकारी पंक्तिमा निरासा पैदा गरेको थियो । तर, ०७३ जेठ ९ मा भएको एकतामे माओवादी आन्दोलन पुनर्तारंगी हुने विश्वास बढेको छ ।

बहस सहितको एकता

माओवादी एकतालें मूर्तरुप लिँदै गर्दा एकताका आधारबारे विभिन्न दृष्टिकोणबाट बहस हुनु स्वभाविकै छ । लामो वर्लिवार्निपूर्ण राजनीतिक पृष्ठभूमिबाट बनेको माओवादी बोण्ड र कठिनभन्दा कठिन समयमा लामो समय सहकार्य गरेका क्रान्तिकारी शैद्धान्तिकको फुट पुरा गर्ने योजना, पार्टी आन्दोलनको गम्भिर समिक्षा हुनुपर्दछ । त्यसका लागि एकता प्रकृया पछि यथाशिघ्र महाधिवेशन आयोजना गरी माओवादी आन्दोलनको नयाँ कार्यदिशा तय गर्ने स्पष्ट समझदारी पश्चात पार्टी एकताको आधार तय भएको देखिन्छ ।

सम्मान र सहजस्तिच्च सहितको एकता

सैद्धान्तिक एवम् राजनीतिक कार्यदिशाका आधारमा फुट पैदा भएको माओवादी धार पुनः एक हुने कुरा खासै ठूलो र अनौठो नहुनु पर्ने हो तर फुटको संघारदेखि एकताको सम्भिकट पुग्दैको यो वेलासम्म धेरै घटना र संन्धर्षहरु बदलिएको छ । समय पनि निकै गुज्रिएको छ । फुटको साक्षी किनारामा उभिएर हामीले वर्ग संघर्षबाट मात्र बहस गरेनी खुलेर पार्टी आन्दोलनका धारा र प्रवृति बारे बहस गर्यौं । फरक पार्टी, फरक आन्दोलनको पृष्ठभूमिमा हौंमिएर हामीले कतिपय मञ्चमा आ-आफ्ना विचार र चुकाइ पनि व्यक्त गर्यौं होला यसलाई सबैले सम्मान गर्न सक्नुपर्दछ । एकले अर्कोलाई पुरानै आधारमा नबुझने प्रश्न गर्नुपर्दछ । तथमात्र एकता सार्थक हुनेछ ।

पार्टी एकतापूर्व हाम्रा क्षमता र स्तर आ-आफ्नै आवश्यकताका व्यक्त भए होला, परिवालन र परिचालित पनि सोहि अनुरुप भयो तर एकता पश्चात त्यसलाई मुख्य कुरा बनाएर कसैले कसैलाई हौंच्याउने, खिच्याउने, अपमानित महसुस गर्नुपर्ने अवस्था आउन दिनु राम्रो होइन । सबैले आ-आफ्नो राजनीतिक अस्तित्व स्वीकार गरेरमात्र एकताको सार्थकता बनाउन सकिन्छ । हाम्रो मुख्य कुरा पार्टी एकतालाई दीर्गो र दह्रो बनाउँदै सच्चा क्रान्तिकारीहरुको गोलबन्दी मार्फत मालेमाको रक्षा, प्रयोग र विकासद्वारा नेपाली क्रान्तिको मौलिक विकाससहित क्रान्तिका बाकी कार्यभार पुरा गर्न हामी सबैले आजको दिन प्रतिबद्धता जनाउन जरुरी छ ।

एमाओवा संस्थुल सहितको एकता

कम्युनिष्टहरुले पद बाँडफाँड नभई जिम्मेवारी बाँडफाँडको अर्थमा बुझ्ने गर्दछन् । तर यो आवधी पछिल्लो समय माओवादी आन्दोलनमा व्यवहारिक बन्न सकेको छैन । संगठन एक प्रकारको जिम्मेवारी बाँडफाँड को व्यवस्थित संरचना हो । त्यसैले पार्टी एकताको मुख्य विषयमध्ये सांगठनिक पक्ष पनि एक हो ।

हिंजो एउटै माओवादी पार्टी र त्यसका विभिन्न अवयवहरुमा रहेर जिम्मेवारी पुरा गरेकाहरु पार्टी विभाजन पछिका आ-आफ्ना सार्पोक्षित आवश्यकताका आधारमा जिम्मेवारी फरक पर्नु स्वाभाविक नै हो । यसमा को, कहाँ र कसरी भन्नुपर्ने कुनै कारण छैन । तर पार्टी एकतासँगै विगतमा फरक पार्टी र जिम्मेवारीमा रहँदा तथा पार्टी एकता गर्दाको सांगठनिक 'स्टाटस' भने मिलाउन जरुरी हुन्छ, जसले पार्टी विभाजन र आजको एकतालाई सहज अर्थ्याउनेछ ।

त्यसका निम्ति पार्टी केन्द्रदेखि पार्टी सेलसम्मका र सबै जवस मोर्चाहरुका दुवै तिरकी संरचनाको वस्तुवादी अध्ययन गरी सर्ज गर्नु जरुरी छ । यसलाई व्यवस्थित गर्न नसकी एकले अर्कोलाई नरिच्कानें वातावरण तयार हुन दिनुहुँदैन । सबै खुसी हुने सबैले स्विकार गर्न सक्ने अवस्था बनाउँदा एकता सुनमा सुगन्ध हुनेछ तर त्यो सन्तुलन बनाउन सकिएन भने एकता खल्ली हुन जान्छ । तसर्थ एकतालाई मजबुद बनाएर आन्तरिम तदर्थ समिति तय गरी विधि र पद्धति निर्माणसहित यथाशक्य चाडो केन्द्रदेखि सेलसम्मका कमिटीहरु लाई विस्तार र सुदृढ गर्ने मूर्त योजनाले एकतालाई सुदृढ बनाउन महत्त गर्दछ ।

एकतामा संगठनलाई सहज बनाउन हिजोका दिनमा को-कस्ता आवश्यकताका आधारमा जिम्मेवारी लियो र बहन गर्‍यो त्योभन्दा मुख्य कुरा कसरी एकताको भावलाई संगठनमा सहज व्यक्त गर्न प्राकृतिक हुन्छ त्यहि गर्न सबै तयार बन्न आवश्यक छ ।

एउटै माओवादी, एक नम्बरको पार्टी अबको लक्ष्य

सदियौंदेखिको सामन्तवादी राजतन्त्रको मलामी आन्दोलन, लालधोट्टाहरुको त्याग बलिदान र समर्पणबाट प्राप्त संघीय गणतन्त्र नेपाल स्थापना गर्न माओवादी पार्टी, १० वर्षको सहान जनयुद्धमा एकाँइसका धै दुश्मनका विरुद्ध जाइवासेर आएको आर्थोको आन्दोलन शान्ति प्रकृयाको १० वर्षमा भन्दै त्यतिनै चिरायो बिलाउन हुन अत्यन्त दुखद कुरा हो । जसले मिलेर गणतन्त्र स्थापना गर्‍यो उनीहरु नै तितर बितर हुने र गणतन्त्र स्वीकार गर्न नसान्नेहरु गणतन्त्रमा हासिलगुहार गर्ने विचित्र कार्टुन शान्ति प्रकृयाको १० वर्षमा तयार भयो ।

त्यसैले प्राप्त उपलब्धिलाई लत्याए झैंदेनेकी यसलाई सम्हालेर क्रान्तिका बाँकी अभिभारा पुरा गर्न संकल्पबद्ध हुने प्रश्नका बिच विभाजित पार्टी एकताले जनताको फाटेको मन पुनः सिलाउने विश्वास गर्न सकिन्छ । त्यसका निम्ति यो पार्टी एकताले माओवादी आन्दोलनको रुपान्तरण सहितको अवयवहरुको व्यवस्थित र वैज्ञानिक परिचालनद्वारा पुनः पहिलो संविधानसभाको जस्तै पहिलो पार्टी बनाउने अठोट पनि गर्नु जरुरी छ । एकताको जगमा विजय प्राप्त गर्ने र जनताको सहभागिता सहित पुँजिवादलाई पूर्णता दिँदै समाजवादको याञामा नेपालको माओवादी आन्दोलन चुलेंढ दैनको गतिमा अगाडि बढोस् । माओवादी एकता जिन्दावाद !

(तामाङ एमाओवादी निकट अखिल क्रान्तिकारीका उपाध्यक्ष हुन् ।)

सीता गुरुङलाई आर्थिक सहयोग

गोल्डेन न्यूज संवाददाता
पोखरा ८ जेठ ।

आर्थिक अवस्था कमजोर भई उपचार गर्न असमर्थ डाडसिङ गाविस वडा नं. २ निवासी जण्डिस रोग पीडित सीता गुरुङलाई उपचाका लागि नेपाल जुनियर रेडकस सर्कल उमा मावि डाडसिङ-२ को सकियताका २३ हजार रकम संकलन गरी पीडितलाई शनिवार प्रदान गरेको छ । विगत केही समय देखि जण्डिस रोग पीडित भई गण्डकी अस्पताल मेडिकल वाईमा उपचारार्थ भर्ना भएका गुरुङलाई उमा मावि विद्यालयका शिक्षक कर्मचारीवाट रु. छ हजार पाँच सय २५, डाडसिङ स्वास्थ्य चौकी कर्मचारीवाट १ हजार ५ सय, डाडसिङ महिला स्वास्थ्य स्वयमसेविका वाट आठ सय र डाडसिङ, मोहरिया र फुलिवाडको घरदैलो कार्यक्रमवाट रु. १४ हजार ७५ रुपिया संकलन गरी नेजुरेसका शिक्षक नायक वासुदेव तिम्सिना मार्फत प्रदान गरिएको थियो । नेपाल जुनियर रेडकस सर्कल उमा मावि डाडसिङले विगतमा पनि प्राकृतिक विपत्तिमा परेकाहरू, आर्थिक अवस्था कमजोर भई उपचार गर्न नसकेकाहरुलाई खाद्यान्न, लत्ताकपडा, आर्थिक सहयोग गरिसका साथै बातावरण सरसफाई, स्वास्थ्य जनचेतना जगाउने, नेतृत्व विकास कार्यक्रम र पार्थिक उपचार कार्यक्रम संचालन गर्दै आईरहेको र आगामी दिनमा पनि यस्तै सामाजिक क्रियाकलापहरूमा सक्रिय सहभागिता जनाउँदै आउने शिक्षक नायक तिम्सिनाले बताए ।

साभा चौतारी लायन्सद्वारा शैक्षिक सामाग्री वितरण

गोल्डेन न्यूज संवाददाता
पोखरा ८ जेठ ।

लायन्स क्लब अफ पोखरा साझा चौतारीले आफ्नो वार्षिक कार्यक्रम अन्तर्गत शनिवार विधार्थीहरुलाई शैक्षिक सामाग्री तथा विद्यालय पोशाक वितरण गरेको छ । पोखराको पार्दी उपल्ले मार्किमा अध्ययनरत ६ जना बालबालिकालाई विद्यालयमा एक समारोहका बीच वितरण गरिएको हो । गरिव तथा जेहनदार विधार्थीको शिक्षामा सहयोग पुर्याउने उद्देश्यले शैक्षिक सामाग्री सँगै विद्यिरुप पोसाक वितरण गरिएको क्लवकी शिक्षा संयोजक मिरा पोखेलले जानाकारी दिइन । कार्यक्रमका प्रमुख अतिथि जिएलटी को-अर्डिनेटर परमेश्वर बरालले शैक्षिक सामाग्री वितरण गर्दै सामाजिक क्षेत्रमा क्रियाशिल संस्थाहरुको सहयोगमा वितरित शैक्षिक सामाग्रीले विद्यार्थीहरुको पठन-पाठनमा टेवा पुग्ने विश्वास व्यक्त गरे । सो अवसरमा लायन्स क्लब अफ पोखरा सुजना चौतारीकी अध्यक्ष विना गुरुङले शैक्षिक सामाग्रीलाई सदुपयोग गर्दै आफूलाई रचनात्मक बनाउँदै लिता पार्दी, कार्यक्रमको बारेमा औपचारिक जानकारी दिइन । क्लवकी अध्यक्ष दुर्गादेवी आचार्यको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत प्रथम उपाध्यक्ष लिता पार्दी, कार्यक्रमको बारेमा औपचारिक जानकारी दिइन । क्लवका सचिव सावित्रा पौडेलले गरेकी थिइन् । क्लवले ६ जना बालबालिकालाई १० कक्षा सम्म अध्ययन गर्दा लाग्ने शैक्षिक सामाग्री प्रदान गर्ने निर्णय गरेको क्लवकी सचिव पौडेलले जानाकारी दिइन ।

लेखनाथमा लेखा व्यवस्थापन तालिम

पोखरा ८ जेठ ।(गोल्डेन)

लेखनाथ नगरपालिकाको सामाजिक विकास शाखाको आयोजना तथा पश्चिमाञ्चल मास्टर्टेक्निकल एकेडेमीको संचालनमा लेखनाथ नगरपालिका का ९८ वटै वडाहरुमा सम्पन्न महिला लक्षित आधारभूत लेखा व्यवस्थापन तालिमको शनिवार समापन भएको छ । तालिमबाट लेखनाथ नगर क्षेत्रका विभिन्न महिला समूहरुका दुई सय वढि महिलाहरु लाभान्वित भएको तालिम सञ्चालक संस्थाका कार्यकारी निर्देशक नारायण सुवेदीले बताए । शनिवार लेखनाथ नगरपालिका वडा नं. ७ शिशुवा स्थित शिशुवा लालुपाते तमु समाजको सभाहलमा सम्पन्न समापन कार्यक्रममा सहभागीहरु लाई प्रमाणपत्र समेत वितरण गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि लेखापरीक्षक नारायण प्रसाद उपाध्यायले यस्ता कार्यक्रमहरु ले महिलाहरुलाई स्थानीय संघ संस्थाहरुको नेतृत्व प्रदान गर्न सक्षम बनाउने बताए । तालिम अवधिभर विभिन्न वडाहरुमा गएर प्रशिक्षकहरु सन्तोष अधिकारी, मोहन अधिकारी, रामकृष्ण लामिछाने, नारायण सुवेदी र सुवास मल्लले लेखा व्यवस्थापनका आधारभूत पक्षहरुको बारेमा सैद्धान्तिक तथा प्रयोगात्मक तालिम प्रदान गरेका थिए ।

कार्यक्रममा प्रशिक्षकहरुको तर्फवाट सन्तोष अधिकारी, प्रशिक्षार्थीहरुको तर्फवाट सीता भण्डारी र अञ्जु अधिकारी तथा शिशुवा लालुपाते तमु समाजका अध्यक्ष क्याप्टेन मोहनसिंह तमुले बोलेका थिए । कार्यक्रम सञ्चालक संस्थाका कार्यकारी निर्देशक नारायण सुवेदीको समापतित्व, प्रशिक्षक सुवास मल्लको संचालन र संचालक संस्थाका लेखनाथ प्रमुख कपिल पौडेलको स्वागतमा सम्पन्न भएको थियो ।

मदरल्याण्ड, कञ्चनजंगा र मण्टेश्वरीमा विविध कार्यक्रम

गोल्डेन न्यूज संवाददाता
पोखरा ८ जेठ ।

पोखराको मासबारमा अवस्थित मदरल्याण्ड उच्च माविमा शिक्षक अभिभावकबीच अन्तर्क्रियाः कार्यक्रम शनिवार सम्पन्न भयो । उपलब्धिमूलक शिक्षण सिकाइमा शिक्षक, अभिभावक र विद्यार्थीको विकोणात्मक सम्बन्धलाई मध्यनजर गर्दै आयोजित कार्यक्रममा कक्षा युकेजी र १ का कक्षा शिक्षक र अभिभावक बीच अन्तर्क्रिया भएको थियो । विद्यार्थीहरु सिद्धान्त गिरी, अङ्किता तिमिल्सिना, श्रेया परियार र अंतिव कोइरालाले स्वागत मन्तव्य राखेका थिए ।

कार्यक्रममा विद्यालयका प्राचार्य प्रेमनारायण पोखरेलले बाल विकासका निम्ति आवश्यक कियाकलापहरुका बारेमा सहजीकरण गरेका थिए । उनले बच्चालाई आफ्नो काम आफैं गर्न लगाई स्वनिर्भर बनाउने, पठन-पाठनको वातावरण तयार गर्न, अरुसँग तुलना नगर्ने आदिजस्ता विषयमा प्रकाश पार्दै निरन्तर मूल्याइकन पद्धतिका बारेमा पनि जानकारी गराएका थिए। कार्यक्रममा अभिभावकहरु प्रमोद भण्डारी, अम्बिका शर्मा, श्रीकृष्ण पन्थी, डा. तारा कोइराला, चवलबाटुर थापा, कृष्ण सुवेदी र भगीरथ शर्मा लगायतले समयानुकूल व्यावहारिक शिक्षामा जोड दिएका थिए । विद्यालयका प्रमुख प्रशासक नारायण बरालले अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन प्रावि इन्दाजे केशु शर्माले गरेकी थिइन्।

यसैगरी लेखनाथ-८ शिशुवामा रहेको कञ्चनजङ्गा एकेडेमिक सेन्टरमा शुक्रवार मानव वेचविखन विरुद्ध हाम्रो दायित्व शीर्षकमा विद्यार्थीका अध्यक्ष र प्रिन्सिपलले व्यक्त गरे । कार्यक्रमको सभाध्यक्ष विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुन्दर पराजुली रहेका थिए । स्वागत मन्तव्य रुपा सहकारीका अध्यक्ष ध्रुव के सी.र कार्यक्रम संचालन शिक्षिका आशना गुरुङले गरेकी थिइन ।

निर्णायकमा विष्णुहरि पौडेल र शिक्षिका शर्मिला काफ्ले रहेका थिए भने कार्यक्रमको सञ्चालन शिक्षक सुमन जिसीले गरेका थिए ।

यसैगरी लेखनाथको रुपा सहकारीद्वारा संचालित मण्टेश्वरी किड्स शिलामा अभिभावक भेला तथा अन्तर्क्रियाः कार्यक्रम विद्यालय प्राङ्गण गगनगौंडामा सम्पन्न भयो । कार्यक्रममा अभिभावकहरुले उठाएका सल्लाह सुझावहरुको बारेमा छलफल गरी सम्बोधन गर्दै आगामी दिनहरुमा अभिभावकका सल्लाह सुझावहरु अनुसार गतिविधिहरु अगाडि बढाउने प्रतिबद्धता विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रिन्सिपलले व्यक्त गरे । कार्यक्रमको सभाध्यक्ष समितिका अध्यक्ष र प्रिन्सिपल सहित अध्यक्ष सुन्दर पराजुली रहेका थिए । स्वागत मन्तव्य रुपा सहकारीका अध्यक्ष ध्रुव के सी.र कार्यक्रम संचालन शिक्षिका आशना गुरुङले गरेकी थिइन ।

त्रिपाठीको गजल संग्रह 'फूलवारी'को विमोचन

गोल्डेन न्यूज संवाददाता
पोखरा ८ जेठ ।

साहित्यकार प्रकाश त्रिपाठी विवशद्वारा लिखित दोस्रो कृति सडगहका रुपमा सिर्जित 'फूलवारी' गजल सडग्रहको शनिवार एक कार्यक्रमका बीच विमोचन गरिएको छ। हेमजा साहित्य प्रतिष्ठान द्वारा २५०औं बुद्धजयन्तीको सन्दर्भ तथा १४७औं शुभप्रभात काव्यमालाको अवसरमा उक्त कृतिको लोकापर्ण गरिएको हो। कृतिको गजलकार दीपक समीपले लोकार्पण गरेका हुन्। सो अवसरमा बोल्दै समीपले भन्दै आफ्नो सिर्जना प्रकाशित गर्नु नै ठूलो कुरा रहेको उल्लेख गर्दै स्रष्टाको लागि कृति सन्तान हुने बताए। उनले कुनैपनि सडग्रह वा कृति कमजोरी बिहीन नहुने भन्दै पाठक ले बुझने तरिका फरक हुने बताए। एउटा उपन्यास र कथाले भन्ने कुराहरु गजलको एउटा शेर ले व्यक्त गर्ने समीपको भनाई छ। गजलकार समीपले कुनै पनि कृति सिर्जना गर्नुपूर्व त्यसैमा सम्बन्धित अध्ययनहरु यथेष्ट मात्रामा गर्नुपर्नेमा जोड दिए।

कार्यक्रममा बोल्दै कृति समीक्षक नेपाल लेखक संघ कास्कीका अध्यक्ष गणेश शर्माले स्पष्टाले कृति रचना संख्या धेरै देखाएर मात्र कृति बलियो नहुने भन्दै रचनाको वास्तविकता गुणात्मकता र मौलिकतामा जोड दिनुपर्ने बताए। शर्माले बल जफती गरेर रचना गर्नु भन्दा पनि गजलका लागि रुचिक काफिया मिलाएर गजलको नियम पुऱ्याउनु पर्नेमा जोड दिए। कृतिमा १ सय १ वटा गजलहरु समावेश गरिएका छन्। प्रायः ५ देखि ७ शेरमा गजल लेखिएका छन्। दुई भागमा विभाजन गरिएको सडग्रहमा भाग १ मा थ्रङ्गारिक र भाग २ मा समसामयिक विषयवस्तु समेटिएका गजलहरु रहेका छन्।

हेमजा साहित्य प्रतिष्ठानले प्रकाशन गरेको गजल सडग्रहमा पहिलो प्रकाशनमा १ हजार १ प्रति प्रकाशन भएको छ। कार्यक्रममा १ सय ५७औं शुभप्रभात काव्यमाला अन्तर्गत गजलकार वसन्त बिनोद, विष्णु वाँस्तोला, कृष्ण प्रसाद पौडेल, देवेन्द्र पुन मगर, दर्शन छत्याल, सञ्चीत पन्त, गंगा त्रिपाठी, सूर्यराज त्रिपाठी सिर्जना गायक, सुनिल गायक, लालबहादुर गायक लगायतले आ-आफ्नो प्रस्तुति राखेका थिए। हेमजा साहित्य प्रतिष्ठानका अध्यक्ष कृष्णप्रसाद पौडेलको अध्यक्षतमा सम्पन्न कार्यक्रममा, समाजसेवी मधुसुदन त्रिपाठीले भगवान गौतम बुद्धको दूरदृष्य, विचारमय निरीक्षक वसन्तराज पौडेलले स्पष्टाको परिचय, कृतिकार प्रकाश त्रिपाठी विवश, नेकेए एमाले वडा नं २७ का अध्यक्ष मीन बहादुर थापा, नेपाली कांग्रेस वडा नं २७ अध्यक्ष दान बहादुर थापा, प्रतिष्ठान निवर्तमान अध्यक्ष देवी त्रिपाठी, साहित्यकार विष्णु वाँस्तोला, कल्याण पन्त, विष्णु पाठ्दा माध्यमिक विद्यालय व्यवस्थापन समिति अध्यक्ष ज्ञानु बहादुर थापा लगायतले बोलेका थिए। प्रतिष्ठानका सदस्य भरतचन्द्र गौतमले स्वागत र सञ्चालन सदस्य इमनाथ पौडेलले गरेका थिए।

शर्माको बिदाई

पोखरा ८ जेठ ।(गोल्डेन)

मिलेनियम ट्रेक व्यवस्थापन समितिले पत्रकार शिव शर्मा चन्दलालाई शनिवार एक कार्यक्रम को आयोजना गरी बिदाई गरेको छ। शर्मा यही जेठ १० गते अमेरिकाको लागि प्रस्थान गर्दैछन्। शुक्लगण्डकी नगरपालिकाडेखि स्थाइजाको बालिङ नगरपालिका सम्म पर्ने मिलेनियम पदमार्ग अन्तर्गत पर्ने राइपुर, तनहुं निवासी एवम् कान्तिपुर राष्ट्रिय दैनिकका सम्वाददाता शिव शर्मा चन्दलको सुखद यात्रा र उत्तरोत्तर प्रगतिको कामना गर्दै विदाई गरिएको हो। कार्यक्रममा मिलेनियम ट्रेकका सञ्योजना संयोजक इम्बरबहादुर केसी, संस्थाका उपाध्यक्ष भगत आले तथा महासचिव हर्क गुरुङले अबिर, माला, नेपाली ढाका टोपी र मायाको चिनो प्रदान गरी विदाई गरेको हो। पत्रकार शर्माले मिलेनियम ट्रेक व्यवस्थापन समितिले आफूलाई सस्मान विदाई गरेकोमा हार्दिक आभार प्रकट गरे।

रुची पोल्ट्रीका कर्मचारी सम्मानित

गोल्डेन न्यूज संवाददाता
पोखरा ८ जेठ ।

लेखनाथ नगरपालिका वडा न-१३ मालेपाटनमा रहेको रुची पोल्ट्री फर्मका नवौं स्थापना दिवसको अवसर पारेर विभिन्न क्षेत्रमा काम गर्दै आएका उत्कृष्ट कर्मचारीहरु लाई सम्मान गरेको छ।

कम्पनी स्थापना कालदेखि वर्तमान अवस्थासम्म अभिछिन्न रुपले सेवा पुऱ्याउँदै आएका उत्कृष्ट १५ कर्मचारीहरुलाई कामको उच्च मूल्याङ्कन गर्दै स्थापना दिवसको अवसर पारेर सम्मान गरिएको हो।

प्रति हप्ता ९०हजार बोईरलका चल्ला उत्पादन गर्दै आएको कम्पनीमा हाल विभिन्न क्षेत्रमा गरि ६१ जना कर्मचारीहरुले काम गर्दै आएका छन्।

सम्मान पछिको कार्यक्रममा बोल्दै क्षेत्रीय पशुसेवा कार्यालय पोखराका निर्देशक देवनन्दन साहाले कुखुराको मासु र अण्डाबाट देशलाई आत्मनिर्भर बनाउने हो भने व्यवसायिक उत्पादकको माध्यबाट किसानहरुलाई थप उठाउनु पर्नेमा जोड दिएका थिए।

रुची पोल्ट्री फर्मका उपाध्यक्ष महिनाथ लोहनीको अध्यक्षतामा भएको सो कार्यक्रममा राष्ट्रिय पशु प्रजनन केन्द्रका पोखराका प्रमुख डाक्टर वसन्त मानन्धर,क्षेत्रीय पशुरोग प्रयोगशालाका वरिष्ठ पशु चिकित्सक डाक्टर केदार पाण्डे, संस्थाका प्रमुख कार्यकारी अधिकृत डाक्टर सुभनारायण महतो, कार्यकारी व्यवस्थापक र सचालक समितिका सदस्य गणेशबहादुर भट्टराई लगायतले उत्पादनसिल क्षेत्रमा लगातै बढाउने हो भने कोही पनि नेपाली रोजगारीका लागि विदेशिनु नपर्नेमा जोड दिएका थिए।

कवि रुपक श्रेष्ठको कृतित्व विषयक परिचर्चा

पोखरा ८ जेठ ।(गोल्डेन)

पोखरामा कवि रुपक श्रेष्ठको कृतित्व विषयक परिचर्चा कार्यक्रम शनिवार सम्पन्न भयो। कार्यक्रममा डिल्लीराम लामिछानेले रुपक श्रेष्ठका कविताको विषयवस्तु र शिल्प विषयक कार्यपत्र प्रस्तुत गर्दै लामिछानेले कवि श्रेष्ठ नेपाली बाटोको सुगन्ध बेलायती भूमिमा फिजाउँदै भूपी शेरचनको बाटोका डायोस्पोरिक कवि रहेको बताए। उनले श्रेष्ठका कविताका विषयमा आम नेपाली कवि तथा पाठकलाई एकपटक झकझकाउन सक्ने सामर्थ्य र शिल्प रहेको बताए। कार्यक्रममा नेपाली लेखक संघका केन्द्रीय उपाध्यक्ष प्राडा कुसुमाकर न्यौपानेले कवि श्रेष्ठका सिर्जनाले आम पाठकको मस्तिष्कलाई जुरुक्क उचाल्न सक्ने सामर्थ्य रहेको बताए।

पृथ्वी नारायण क्याम्पस प्रजातान्त्रिक प्राध्यापक संघका सभापति दीपेन्द्र पराजुलीले कवि रुपक श्रेष्ठको राष्ट्र प्रेमको जति प्रशंसा गरे पनि अपुग रहने बताए। विभिन्न स्रष्टा, साधक र प्राध्यापकले श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा राखेका जिज्ञासाका बारेमा बोल्दै लेखक श्रेष्ठले आफू कला साधनामा निरन्तर क्रियाशील रहेतापनि वेलायत-नेपालको बसाई र लेखन विवाहित छोरीलाई घर प्यारो कि माइत भने भौ भएको बताए। कवि श्रेष्ठले आफ् जहाँ जसरी रहे तापनि आफ्ना सिर्जनामा नेपाली माटोको सुगन्ध बोकेर हिँडिरहने प्रतिबद्धता जाहेर गरे। कार्यक्रममा नेपाली लोकवाजामा विद्यावारिधिरत तरिकाले खानेपानी वितरणका लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाएको छ।

सृजनामा भण्डारी

पोखरा ८ जेठ ।

पोखरा-१७ महतगाँडामा रहेको सृजना खानेपानी परियोजना तथा उपभोक्ता समितिको अध्यक्षमा पुनः मुक्ति भण्डारी चयन भएका छन्। परियोजनाको शनिवार भएको तेश्रो अधिवेशनले भण्डारीको अध्यक्षतामा १९ सस्यीय कार्यसमिति सर्वसम्मत चयन गरेको हो। समितिको उपाध्यक्षमा प्रेम प्रसाद भण्डारी, सचिवमा वैकुण्ठ भण्डारी, सह-सचिवमा रवि भण्डारी, कोषाध्यक्षमा देवराज भण्डारी चयन भएका छन्। यसैगरी, सदस्यहरुमा डम्बर बहादुर केसी, रामेश्वर भण्डारी, मनोज भण्डारी, सरस्वती तिवारी, ईन्द्रा राना र अम्बिका भण्डारी चयन भएका छन्। नवनिर्वाचित कार्यसमितिले महतगाँडा क्षेत्रमा सहज र सर्वसुलभ तरिकाले खानेपानी वितरणका लागि विभिन्न सागीतिक प्रस्तुति राखेका थिए। नेपाली लेखक संघ कास्कीका अध्यक्ष गणेश पौड्यालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष रिता कँडेलले स्वागत मन्तव्य र कार्यक्रमको सञ्चालन सचिव सञ्जिव पौडेलले गरेका थिए।

भावना कृषि सहकारीका सदस्यको भ्रमण

पोखरा ८ जेठ ।

पोखरा-२६ सराङकोटमा रहेको भावना सामुदायिक कृषि सहकारी संस्था लिमिटेडका शेयर सदस्यहरुले अध्ययन भ्रमण सम्पन्न गरेका छन्। संस्थाले शुक्रवार तनहुंका धार्मिक एवम् पर्यटकीय र सहकारी संस्थाहरुको अध्ययन भ्रमण गरेको हो।

अध्ययन भ्रमण आयोजनक संस्थाका अध्यक्ष शिवप्रसाद कोइरालाका अनुसार सो अवसरमा सहकारीका शेयर सदस्यहरुले तनहुं दमौलीको प्रसिद्ध धार्मिक एवम् पर्यटकीय स्थल छाप्दी बराह मन्दिर, व्यास गुफा, अकला मन्दिर एवम् व्यास चचत तथा ऋण सहकारी, कवि नसरी लगायतका स्थलहरुको भ्रमण गरेका थिए। भ्रमणमा सहकारीका दुई सय ८० जना शेयर सदस्यहरु सहभागी रहेको अध्यक्ष कोइरालाले जानकारी दिए। सहकारी व्यवस्थापन तथा कृषि सम्बन्धी सीप प्रविधि भ्रमण उपलब्धिमूलक भएको भ्रमण व्यवस्थापन समितिका संयोजक सूर्यबहादुर खड्काले बताए।

सहकारीले स्थापना कालदेखि सामाजिक तथा सदस्यहरुको हितका लागि विविध कार्यक्रम गर्दै आएको र सोही उद्देश्य अन्तर्गत अध्ययन भ्रमण कार्यक्रम आयोजना गरिएको जनाइएको छ।

विसं २०६८ सालमा स्थापना भएको भावनाले सराङकोट क्षेत्रमा एक घर एक सदस्य भन्ने लक्ष्य लिएको बताइएको छ। हाल संस्थामा एक हजार ५० जना भन्दा बढी शेयर सदस्यहरु रहेको सो सहकारीले जनाइको छ।

सुरक्षा सम्बन्धी तालिम

पोखरा ८ जेठ ।

दि गोखोज रेञ्जर सेक्युरिटी सर्भिसको आयोजनामा पुनःप्रशिक्षण तालिम सम्पन्न भएको छ। पोखरा को वरपरि रहेका सुरक्षा गाडहरु लाई दिएको तालिममा १०० जाको सहभागिता रहेको थियो। स्थापनाको दुई वर्ष नपुगै विदेशी तथा स्वदेशी गरि धेरै सुरक्षा गार्डहरु उपलब्ध गराउन सफल कार्यलयले प्रत्येक वर्षको दुई पटक पुनःप्रशिक्षण सम्बन्धी तालिम दिदै आएको कार्यलयका प्रवन्ध निर्देशक महेश थापाले जानकारी दिए। तालिममा आत्मारक्षक सम्बन्धी कार्यक्रमका मुख्य प्रशिक्षक अमेरिकन सेनाका रिटायर मेजर हसान मि फिसरले सेक्युरिटी गार्डले के कसरी आफ्नो कार्यक्षेत्रलाई सुरक्षित राख्न सक्छ भन्ने विषयमा प्रशिक्षण दिएका थिए। कार्यक्रममा आगो नियन्त्रण सम्बन्धी कम्पनीका प्रवन्ध निर्देशक महेश थापा तथा सचिंड, शाहक हेरविचार पट्टीलिड सम्बन्धी प्रशिक्षण कम्पनीका प्रवन्धक राजेन्द्र केसीले दिएका थिए।

खुशीको खबर ! खुशीको खबर !!

के तपाईं प्लाष्टिक झोलाहरुको विकल्पमा वातावरणमैत्री झोलाहरुको खोजीमा हुनुहुन्छ ? आउनुहोस् हामीसंग छ यसको विकल्प ।

सम्पर्क | वातावरणमैत्री बुद्ध फेब्रिक व्याग उद्योग
पोखरा-४, रामकृष्णटोल, सिद्धार्थचोक भन्दा केही घर माथि (गोपालजी मन्दिरको आड्मा) फोन : ०६१-४४१३४७
मोवाइल : ९८४५०२१५१८, ९८४६०१८२१८

सुवर्ण अवसर ! सुवर्ण अवसर !!

निःशुल्क जापानिज भाषाको कक्षा संचालन

के तपाई +२ पढ्दै हुनुहुन्छ वा +२ को परीक्षा सकाएर बस्नु भएको छ ? आफ्नो उच्च शिक्षाका लागि जापानलाई गन्तव्य बनाउन चाहनुहुन्छ ? निःशुल्क जापानिज भाषाका कक्षाहरु धमाधम संचालन भइरहेको छ । आजै सम्पर्क गरि जापानिज भाषामा दख्खल बनौं ।

सम्पर्क
JLCC
Japanese Language & Culture Center
चिप्लेढुङ्गा, पोखरा (पोखरा ट्रेडमलको ठीक अगाडि)
फोन : ०६१-५३५७३८, ९८४६०४२३५५

पोखरामा पहिलो पटक

- रोलब्रुटुक : लिङको साइज, पावर बढाउन, शिप स्खलन रोक्न, विश्व विख्यात हर्बल साप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
- स्तन बढाउन, घटाउन, दाहुर गर्न, सुन्दाइ कसिलो बनाउन, पेटको थिरा हटाउन।
- केश भर्ने रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन स्प अनुत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Builde घटाउन (More Slim)
- थाहै नदिई जाँड रक्सी धुरोट, खैनी, गाँजा तथा चुरुस छुटाउने।
- हाँड तथा जोर्नी दुखाई टिक पार्ने, सबै सुधा पेवलिस।

अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्बल होम्स
(भाटभटेनी को ठिक अगाडि) न्यरोड, पोखरा
061-539070, 9856035331, 9804122919

प्रो. वद्री के.सी. : ८८५६०२५८४६
प्रो. गोपाल बहादुर कार्की : ८८५६०३९८७२
प्रो. राजेश के.सी. : ८८५६०३७३१७

इन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फूल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

विदेश जानेहरुका लागि सुवर्ण अवसर

Macow, Abudabi का Spark, Middle East, Star का Al Jaber Coin हुदै र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरु :-
तयारी कक्षा धमाधम चलिरहेको छ ।
◇शतप्रतिशत उत्तीर्ण गराउन सफल ◇आफ्ने मेनपावर कम्पनीबाट प्रोसेस गराइने ।
◇१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल

सम्पर्क | फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५२०७२, मो. ९८४५०-४१९२

"रंगहरुको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल

योर्स ट्रेड कन्सर्न

एशियन पेन्टस्, रोयल इस्पायराका साथै सिपेजको समस्या साथधान , बाटर प्रुफिङ गरिन्छ ।
फोन : ०६१-४३०९६४, मो. ९८४६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

अनेक समस्या सफल उपचार

ज्याडिक : खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल डकार आउने जस्तो सुकै पुरानो ग्यास्ट्रिकको सफल उपचार ।
योन समस्या : लिङ्ग स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्खलन हाँच जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिनावारी गडबढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट दाह्रे कमर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा दाहुरे मर्ने, यौन घाटतामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्तिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई कैहि दिनमै छुटाउने
सुन्दरता : काली थाप्रो पोतो, डण्डिफोर, दाग धब्बा, गर्मिछा, कोठी, थाउपिच हटाई पुरै शरिर गोरो बनाउने ।
पुरुषको थातलो पौरुषत्व थातलो भएमा पनि पौरुष थप्नुपर्दछ !
थप उपचार : प्रेसर, सुगर, ज्रण्डिस, पिसास, पाइल्स, इस साथै बाथ, दाह कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
शिराल आयुर्वेद फर्मा
प्राविधिक: पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, ०६-१२२४४१८, मो. ९८४६९३७४९८
ठिक ठोस क्लिनिक

सेक्युरिटी गार्डमा वैदेशिक रोजगारको सुवर्ण अवसर

Abudhabi मा Spark Middle East Star Skill Force UAE मा DPS, बहराइनमा Group-4, कतारमा Diplomatic कम्पनीहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम, अंग्रेजी भाषा र कम्प्युटरको तयारी कक्षाहरु संचालन भईरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला तयारी कक्षा धमाधम
DPS / PSSO मा Objective Questions आधारमा भर्ना परीक्षा र मौखिक Question Answer भै अन्तमा गार्ड ।
नेपाल भित्र विभिन्न संस्था, बैंक, कम्पनीहरुमा, रोयल्टिमा, कर्मचारी, सुरक्षा गार्ड उपलब्ध गराईने सेक्युरिटी गार्ड तयार गरिनेछ ।

सम्पर्क
आर्मोर ग्रुप सेक्युरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि.
पृथ्वीचोकबाट १०० मि. तल, पोखरा एयरपोर्ट जाने बाटोमा
(मुक्तिनाथ विकास बैंकको दोस्रो आधुनिक भवनको चौथो तल्ला)
फोन नं. ०६१-५३२२२२, ५३२२२३, ५३२२२४, ५३२२२५
मोबाइल नं. ९८४६०२२२२२, ९८४६०२२२२३, ९८४६०२२२२४

के तपाईं F.M. मा काम गर्न चाहनुहुन्छ ?

अथवा कुनैपनि कार्यक्रममा दुडक भएर बोल्न चाहनुहुन्छ ?
वा आफ्नो बोल्ने कलाको विकास गर्न चाहनुहुन्छ ?
व्यक्तित्व वेतृत्व विकास गर्न चाहनुहुन्छ ?
कि तपाईं बोलेर अरुलाई प्रभाव पार्न चाहनुहुन्छ ?
चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।

नेपाल सरकारबाट मान्यता प्राप्त यस संस्थामा तालिम लिएका धेरै भन्दा धेरै जनाले धुरै F.M. मा काम गरिसकेका छन् ।
अब तपाईंको व्यक्तित्व वेतृत्व विकास गराउन र सप्तम एवं सफल संचारकर्मी बनाउन रेडियो प्रस्तोता उद्घोषण तथा पत्रकारिता तालिम दिईदैं छ। आजै भर्ना भइ मौकाको फाइदा उठाउनुहोस्। सीट सीमित छ।
प्रशिक्षकहरु : काठमाडौंका ख्याति प्राप्त संचारकर्मी नरेश भट्टराईका साथै पोखराका धुरै अनुभवी संचारकर्मीहरु ।
हाम्रा सेवाहरु
तालिम लिंदा नृत्य/कम्प्युटर कोर्स फ्रितैमा
उत्कृष्ट रोजगारको अवसर
अनुभवी प्रशिक्षकहरुद्वारा तालिम गराइ
संडाम बनाइने ।
कक्षा संचालन भइरहेको छ।
RJ MC
क्रियटिभ ब्रोडकास्टिङ मिडिया प्लस
न्यूरोड, (भाटभटेनी अगाडि), ९८४६०२४७७०, ९८४५५२४७७०
केही समयका लागि विशेष छुटको व्यवस्था छ ।

मोहरिया मेला एवं भलिबल प्रतियोगिता शुरु

गोल्डेन न्यूज संवाददाता
पोखरा ८ जेठ ।

कास्कीको रुपाकोट-८ स्थित मोहरियाको पचार-पसारमा उल्लेखनीय योगदान गरेको भन्दै पत्रकार रुद्रबहादुर थापा र राजन उपाध्यायलाई सम्मान गरिएको छ । २५६० औं बुद्ध जयन्तीको अवसरमा सिद्धार्थ स्मृति क्लब, रुपाकोटले आयोजना गरेको मोहरिया मेला-२०७३ एवम् भलिबल प्रतियोगिता को अवसरमा सम्मान गरिएको हो । राष्ट्रिय खेलकूद परिषदका सदस्य फुक्त बहादुर गुरुङले खादा, प्रमाणपत्र र नगदले सम्मान गरेका हुन् । पत्रकार थापाले मगर भाषाको संरक्षण र प्रचारमा विशेष योगदान पुऱ्याएको क्लबले जनाएको छ । साथै यस क्षेत्रमा उच्च शिक्षा हासिल गर्ने विभिन्न व्यक्ति, खेलाडी तथा खेलसँग सम्बन्धित व्यक्ति र बुद्धबुद्धालाई सम्मान गरियो । कार्यक्रममा बौद्ध राष्ट्रिय खेलकुद परिषदका सदस्य फुक्त बहादुर गुरुङले खेलमे मानिसलाई अनुशासन सिकाउने बताउँदै क्लबले लामो समयदेखि पतियोगितालाई निरन्तरता दिएकोमा खुशी व्यक्त गरे । पछिल्लो समयमा नेपालले खेलका माध्यमबाट शान्तिशाली देशलाई समेत परजाति गरि देशको शिर उच्च बनाउन सहयोग पुगेको गुरुङले बताए ।

क्लबका अध्यक्ष जीतबहादुर थापाको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा एचसीधीका कास्की संयोजक विजय ज्वाली, सम्मानित व्यक्तिकोतर्फबाट पत्रकार रुद्रबहादुर थापा, नौलो घुन्ती नेपालका रामकुमार सेडाई, एचसीधीकी फिल्ड सुपरभाइजर कविता रावत, साना किसान सहकारी संस्थाका अध्यक्ष क्या. हर्क बहादुर गुरुङ, क्लब सदस्य भलक कुमार गुरुङ, पूर्णबहादुर गुरुङ लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

मेलामा तीन लाख रुपैया आम्दानी र २ लाख २० हजार खर्च हुने आयोजकले अनुमान गरेको छ । मेलाबाट बचेको रकम स्थानीय बालबच्चाहरुको शिक्षामा लागि खर्च गरिने बताइएको छ । वि.स. २०७६ सालमा स्थापित क्लबले रक्तदान, सरसफाई, पर्यटन र खेल पर्यटन प्रवर्द्धनात्मक कार्यक्रमहरु गर्दै आएको छ । मेलामा लोपोन्मुख घाट्टु नाच, सोरठी लगायतका सास्कृतिक कार्यक्रमहरु प्रस्तुत गरिने क्लबका अध्यक्ष जितबहादुर थापाले जानकारी दिए ।

यसैबीच शनिबार भएको उद्घाटन खेलमा आयोजक सिद्धार्थ स्मृति क्लबले ध्रुवतारा युवा क्लबलाई पराजित गरेको छ । 'खेलकुदद्वारा स्वास्थ्यको सम्बर्द्धन, मेलाद्वारा पर्यटनको प्रबर्द्धन' भन्ने मुल नाराका साथ आयोजित मेला तीन दिनसम्म चल्ने छ ।

खुल्ला पुरुष भलिबल प्रतियोगिताका प्रथम हुने समूहले नगद ४० हजार, शिल्ड, मेडल र प्रमाणपत्र, दोस्रो हुनेले नगद २० हजार, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने मेला संयोजक जितबहादुर थापाले जानकारी दिए साथै उत्कृष्ट सटर, स्पिष्टर, खेलाडी र अनुशासित समूहलाई आकर्षक पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगितामा २० वटा समूहले भाग लिएका छन् । मेलामा सहभागी हुने पाहुनाहरुको लागि होमस्टेको व्यवस्था समेत गरिएको क्लब सदस्य गुमान गुरुङले बताए ।

मुस्ताङको प्रवर्द्धनमा पर्यटन व्यवसायीको चासो

पोखरा ८ जेठ ।(गोल्डेन)

हिमालपारिको जिल्ला मुस्ताङको माथिल्लो क्षेत्रको प्रवर्द्धनमा पोखराका पर्यटन व्यवसायी जुटने भएका छन् । माथिल्लो क्षेत्रको प्रवर्द्धन गर्दै पर्यटक भित्र्याउने पहलमा व्यवसायी लागेका हुन् । पोखरा पर्यटन परिषद (पिटिसी) को आयोजनामा पर्यटन व्यवसायी सहितको टोलीले आइतबारदेखि लोमान्थाङ हुँदै नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बतको कोरला नाकासम्मको प्रबर्द्धन गर्न थालेको पिटिसी अध्यक्ष सोमबहादुर थापाले बताए ।

हिमाली क्षेत्रको प्रवर्द्धनमा यो कार्यक्रमले सघाउनेछ, उनले भने, 'त्यस क्षेत्रमा पर्यटक भित्र्याउन पनि यो अभियानले थप बल पुऱ्याउनेछ ।' उप्रन्ती मुस्ताङको भौगोलिक बनावट, हिमाली सभ्यता र संस्कृतिको अध्ययन तथा अवलोकनका लागि वर्षेनी विभिन्न देशका पर्यटक त्यहाँ पुग्ने गर्छन् । उप्रन्ती मुस्ताङ अन्तर्पुर्ण संरक्षण क्षेत्र आयोजना (एकाप) को संरक्षित क्षेत्रमा पर्छ । अर्धनेपोधित क्षेत्र (मेमी रेस्ट्रक्टेट एरिया) मा पर्ने यस क्षेत्रमा सन् १९९२ देखि मात्र विदेशी पर्यटक प्रवेशका लागि खुल्ला गरिएको थियो । यो अभियानले आगामि दिनमा त्यस क्षेत्रमा थप पर्यटक पठाउन सघाउने उनले बताए । प्रवर्द्धनलाई नेपाल पर्यटन बोर्डले सघाउँदैछ । टिममा पोखराका पर्यटन व्यवसायी सहित उप्रमी सहभागि छन् ।

पाँचदिनसम्म चल्ने अभ्यासलाई व्यवसायीले 'मिसन कोरला-२०१६' नाम दिएका छन् । हिमाली क्षेत्रको स्थलगत अवलोकन, पर्यटन सम्बद्ध पक्षधीच अन्तरक्रिया गर्दै जलवायु परिवर्तनले उक्त क्षेत्रमा पारेको असरबारे पनि जानकारी लिइने अध्ययन थापाले बताए । पोखरा सहित यस आसपासका पर्यटकीय सम्भावनालाई उजागर गर्न र यहाँको विकास एकसाथ अघि बढाउन यस किसिमका भ्रमणले विशेष महत्व राख्ने पर्यटन व्यवसायी एवं परिषदका उपाध्यक्ष चिरञ्जीवि पोखरेलले बताए ।

पोखरा आउने पर्यटकहरु यहाँबाट उच्च हिमाली श्रृंखलाको अवलोकन गर्न उद्देश्यका साथ ऐतिहासिक स्थल जोमसोम, कागबेनी, मुक्तिनाथ, लोमाञ्चाङ हुँदै कोरलासम्म जान आकर्षित हुने गरेको उनको भनाइ छ । नेपाल र तिब्बत जोड्ने कोरला नाकालाई व्यवसायीक पर्यटनमा ल्याउने समेत सरकारी तयारी छ । त्यसका लागि अध्ययन समेत भइरहेको छ । सरकारले २०७३ साललाई घुमफिर वर्षका रुपमा समेत प्रबर्द्धन गरेको छ । अहिलेको अभियानले घुमफिर बर्षको पबर्द्धन गर्दै आन्तरिक पर्यटकलाई उक्त क्षेत्रमा पठाउन पनि सघाउने उनले बताए ।

ट्रिनिटी एजुकेशन फाउन्डेशनको सातौं वार्षिकोत्सव

पोखरा ८ जेठ ।(गोल्डेन)

पोखराको ट्रिनिटी एजुकेशन फाउन्डेशन ले शुक्रवार सातौं वार्षिकोत्सव मनाएको छ । कार्यक्रमका प्रमुख अतिथि प्रोफेसर डा. विश्वकल्याण पराजुली र फाउन्डेशनका संस्थापक अध्यक्ष डिबि गुरुङले संयुक्त रुपमा केक काटेर उद्घाटन गरेका थिए ।

परालुनीले विदेश पढ्न जाने विद्यार्थीलाई फाउन्डेशनले धेरै सुविधा दिएको बताए । 'विदेशी शिक्षाको सीप सिकेर नेपालमा आई केही गर्नुपर्छ,' उनले भने,-'नेपालको अवसरलाई विदेशी शिक्षा भए पुग्छ ।'

धेरै जसो नेपाली युवायुवतीहरु विदेश पढन गएपछि उतै काडमा लागि पर्ने हुँदा त्यसलाई हटाउनुपर्ने परालुनी बताउँछन ।

इक्यानका केन्द्रीय सल्लाहकार गुरागर सापकोटाले फाउन्डेशन अन्तर्राष्ट्रिय स्तरको बनोस् भन्दै शुभकामना दिए ।

'यसको शाखा विदेशमा खुलोस्,' उनले भने,-'शिक्षा सँगै विभिन्न क्षेत्रमा फाउन्डेशनले काम गर्न सकोस ।' लिटिल स्टेप बोर्डिङका फाउन्डर शेरबहादुर गुरुङले यस फाउन्डेशनले धेरै विद्यार्थीहरुलाई विदेश पठाएर आफ्नो खुट्टामा उभिन सक्ने बनाएको बताए ।

इक्यान कास्कीका अध्यक्ष महेश भण्डारीले बाहिर जाने विद्यार्थीलाई उज्वल भविष्यको निम्ति लागि परेको ट्रिनिटिलाई सफलताको शुभकामना व्यक्त गरे । उनले फाउन्डेशन पारिवारिक लगाव भएकोले अरु फाउन्डेशन भन्दा फरक रहेको बताए । किसमस इन्टरनेसनल कलेजका प्रमुख तेजबहादुर गुरुङले फाउन्डेशनले विद्यार्थीलाई विदेश पठाउन प्रतिष्ठा आर्जन गर्ने काम गरेको बताए ।

कार्यक्रममा फाउन्डेशनका शुभचिन्तक एलबि थापा, आइएलटिएस शिक्षक चिमे स्याप्टो, संस्थाका एडमिनेस्टर विकास नेपाली, पूर्व रिसेप्सन प्रिया किसान र काउन्सिलिङ अल्क सेवानाई खादा, अँबर र प्रमाणपत्र सहित सम्मान गरिएको थियो ।

फाउन्डेशनका अध्यक्ष डिबि गुरुङको सभापत्विमा सम्पन्न कार्यक्रममा संस्थापक सदस्य विना गुरुङले स्वागत मन्तव्य राखिन । कार्यक्रमको सन्चालन निर्मला सुवेदीले गरेका थिइन् ।

सूर्यमा दाग

काठमाडौं ८ जेठ ।

जेठ १ गतेदेखि सूर्यमा लाग्दै आएको दाग अझै केही दिन रहने बताइएको छ । सूर्यमा देखिएको दाग हेर्दा सानो देखिए पनि पृथ्वीको आकारभन्दा धेरै ठूलो रहेको छ । सूर्यमा हुने गतिविधिले तापक्रममा घटबढ हुँदा यस्ता दाग देखिने गरेको नेपाल खगोलीय समाजका अध्यक्ष सुरेश भट्टराईले बताए । सामान्यतः सूर्यको तापक्रम छ हजार डिग्री सेन्टिग्रेड हुने गरेकोमा अहिले दाग देखिएको ठाउँमा करिब एक हजारदेखि १५ सय डिग्री सेन्टिग्रेड कम भएको हुनसक्ने उनको भनाइ छ । सूर्यबाट निस्किने पदार्थ पृथ्वी जाँदा आएमा त्यसले अन्तरिक्षयान, भू-उपग्रहलाई विगार्न सक्दछ। 'सूर्यमा चुम्बकीय गतिविधिले गर्दा तापक्रममा हुने परिवर्तनले गर्दा देखिएको ए आर २४४६ नामको सो दागलाई हामीले पनि नियमित अवलोकन गरिरहेका छौं,' उनले भने । उक्त दाग खुल्ला अखिले पनि देख्न सकिने भएपनि त्यसरी हेर्न नहुने, सुरक्षित चस्माबाट भने हेर्न सकिने बताउँदै उनले कसैलाई हेर्ने चाहना भएमा गौशालास्थित समाजको कार्यालयमा राखिएको टेलिस्कोप बाट हेर्न सकिने प्रबन्ध मिलाइएको पनि जानकारी दिए ।सस

अनन्ता सामुदायिक स्मारिका विमोचन

गोल्डेन न्यूज संवाददाता
पोखरा ८ जेठ ।

व्यवस्थापिका संसद विकास समितिका सभापति एवं सभासद् अधिकारीले महिला र पुरुष संगसंगै भन्ने सिद्धान्तलाई लिएर कुनै पनि काम सफलपार्नका लागि महिलाहरुलाई अगाडि बढाएर लैजानुपर्नेमा जोड दिएका छन् ।

अनन्ता सामुदायिक सेवा समिति पोखरा २ ले प्रकाशन गरेको अनन्ता सामुदायिक स्मारिका २०७३ को शनिवार लोकार्पण गर्दै सभासद् अधिकारीले अबको संसारमा अगाडि बढ्नका लागि महिलाहरुको भूमिका अपरिहार्य रहेको बताउँदै अनन्ता सामुदायिक संस्थाका महिलाहरुलाई प्रस्सताको पात्र रहेको बताए । कार्यक्रममा सभासद् शारदा पौडेलले संस्थाको अगामी सोच भएको र यसले राष्ट्रिय क्षेत्रमा समेत चिनारी दिन सफल भएको बताउँदै अनन्ता एउटा नामले मात्र नभएर सबै यसमा आबद्ध महिलाहरुले गरेको काम स्मरणीय रहेको बताइन । उनले अन्य टोल, समाज, संघ-संस्थाका महिलाहरुले पनि संस्थाको सिको गर्नुपर्ने बताए । कार्यक्रममा राष्ट्रिय उच्च मार्विका प्राचार्य कृष्ण उदासीले स्मारिकाको बारेमा चर्चा परिचर्चा गर्दै संस्थाका महिला दिदीबहिनीहरुको योगदान, क्षमता र विषको उदाहरण देखाउन खोजिएका लेख, कविता, रचना, अनुभूतिहरुलाई स्मरण गर्दा अबको समार यस्तमय होइन बुझिने हुनुपर्ने बताए । उनले यसमा समेटिएका कुराहरु आमाको महिमा, नारीको महिमा, सामाजिक विसंगति, सरल, सहज र सुगम विषयवस्तुको ज्ञान दिदै महिलाहरु अहोरात्र खटिएको बताउँदै स्मारिकाको चर्चा गरेका थिए ।

संस्थाकी अध्यक्ष विजया चञ्चला रेग्मीले अनन्ता समुदायिक सेवा समितिले महिलाहरुको हक हितको लागि २०५४ सालदेखि संस्था गठन गरी निरन्तरता दिदै आएको र यसको भूमिका महिलाहरु मात्र नभई पुरुषहरुको पनि सहयोग रहेको बताइन । कार्यक्रममा प्रधान सम्पादक सम्पादक अध्यक्ष सुशीला पराजुली, साहित्यकार तेजराज घिमिरे, पूर्व उपाध्यक्षापक चुडामणि खनाल लगायतका वक्ताहरुले संस्थाका महिलाहरुको योगदानको बारेमा चर्चा गरेका थिए । संस्थाका उपाध्यक्ष शोभिना रेग्मीले स्वागत, सचिव रंगीता सुवेदीले कार्यक्रम संचालन गरेकी थिइन ।

बाटुलेचौरमा मृगौला र मधुमेह परीक्षण

गोल्डेन न्यूज संवाददाता
पोखरा ८ जेठ ।

युनाइटेड रफरेन्स ल्याबोरेटरी प्राबि (युआरएल) र हिमालय क्लब बाटुलेचौरको संयुक्त आयोजनामा शनिवार भएको मधुमेह तथा मृगौला सम्बन्धी निःशुल्क रक्त तथा पिसाब परीक्षणमा सात सय तीन जनानको निःशुल्क परीक्षण गरिएको छ। पोखराको न्यूरोड गिरी कम्प्लेक्समा रहेको युआरएलले २०७३ साललाई 'मृगौला वर्ष' घोषणा गरी वर्षभरि विभिन्न संस्थासँगको सहकार्यमा निःशुल्क शिविर आयोजना गर्ने क्रममा शिविर गरेको हो। कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ फिजिसियन डा मुकुन्दप्रसाद आचार्यले रक्त परीक्षणलगायतचाट जटिल रोगहरुको पहिचान गरेरमात्र औषधि सेवन गर्न आग्रह गरे। उनले पोखरामै युआरएलस्तरी अत्याधुनिक ल्याब सञ्चालन हुँदा जटिल रोगहरुको उपचारमा सहजता थपिएको बताए। युआरएलका प्रबन्ध निर्देशक ठाकुरप्रसाद पन्तले नेपालमै नभएका परीक्षणसमेत पोखरामै उपलब्ध गराएर यो क्षेत्रलाई प्रयोगशाला क्षेत्रमा आत्मनिर्भर बनाउने प्रयास गरिएको बताए।

उनले ह्रदयघातसम्बन्धी रक्त परीक्षण एन्टीग्रो विएनपी, फोस्फोको क्यान्सर सम्बन्धी परीक्षण साइग्रा २१.१ र थाइराइडको विशेष प्रकारको परीक्षण एन्टीटी एसएचआर नेपालमा युआरएलमा मात्र हुने जानकारी दिए। कार्यक्रममा गण्डकी टेलिभिजनका अध्यक्ष राजकुमार केसी, हिमालय क्लबका अध्यक्ष जीवनारायण श्रेष्ठ, सचिव मोहन बहादुर थापालगायतले बोलेका थिए। क्लबका स्वास्थ्य संयोजक दुर्गा केसी थापाको अध्यक्षतामा भएको शिविरमा रक्त परीक्षणका लागि २२ प्रविधिकले सहयोग गरेका थिए।

परीक्षणको रिपोर्ट मंगलवार हिमालय क्लब परिसरमै उपलब्ध गराइने बताइएको छ।

क्रिकेट प्रशिक्षण

पोखरा ८ जेठ ।

दृष्टिविहीन क्रिकेट भारतकी पार्थिक सहयोग, नेत्रहीन क्रिकेट संघ कास्कीको समन्वय र नेत्रहीन क्रिकेट संघ नेपालको आयोजनामा पोखरा रङ्गशालाको क्रिकेट मैदानमा अन्तर्राष्ट्रिय स्तरको दृष्टिविहीन क्रिकेट प्रशिक्षण सुरु भएको छ। क्रिकेट प्रशिक्षणका सहभागीहरुलाई प्रशिक्षण दिनका लागि दृष्टिविहीन क्रिकेट राष्ट्रिय कोच मुजु कुमार र सहायक कोच जोन डेविडलाई पठाएको छ। उक्त प्रशिक्षणका लागि देशभरिबाट २८ जना दृष्टिविहीन खेलाडीहरु सहभागी छन्।

अपाङ्गता अधिकार विषयमा अभिमुखीकरण

पोखरा ८ जेठ ।(गोल्डेन)

मिजुरेडाँडा गाउँविकास समितिमा रहेका अपाङ्गता भएका व्यक्तिहरुको अधिकारका लागि अपाङ्गता अधिकार विषयक अभिमुखीकरण कार्यक्रम आयोजना गरियो । अपाङ्गता उत्थान समिति मिजुरेडाँडाको आयोजना तथा मिजुरेडाँडा गाउँ विकास समितिको आर्थिक सहयोगमा शुक्रवार आयोजित कार्यक्रम संस्थाका अध्यक्ष शिवराज अधिकारीको अध्यक्षता सम्पन्न भएको हो । कार्यक्रमका प्रमुख अतिथि शिक्षाविद् तथा दृष्टिविहिन अधिवक्ता श्रीकान्त सापकोटा दुर्गम इलाकामा रहेका अपाङ्गता भएका व्यक्तिहरु आफ्नो अधिकारबारे बञ्चित रहेको सकारात्मक, सामाजिक व्यवहार र सामाजिक अविश्वासका कारण बञ्चितीकरणमा परिरहेको र बनेका नीति नियमहरुको प्रभावकारी कार्यान्वयन हुन नसकेको बताए । उनले सकारात्मक सोचका साथ एक आपसमा सहयोग आदान-प्रदान गर्दै वर्गीय उत्थानमा लाग्नुपर्नेमा जोड दिए ।

संस्थाका अध्यक्ष शिवराज अधिकारीले आफ्नो गाउँ कास्की जिल्लाको कर्णाली क्षेत्रका रुपमा परिचय पत्रबाट बञ्चित रहेको तथ्याक प्रस्तुत गरे । कार्यक्रममा गा.वि.स. सचिव ऋषिराम सुवेदी, संस्थाका सचिव रुकी अधिकारी, दलित पतिनिधि सुलबहादुर परियार, जनजाति पतिनिधि सन्तमाया गुरुङ, बड्डा संयोजकहरुको तर्फबाट बाबुराम अधिकारी लगायतले बोलेका थिए ।

कार्यक्रममा सहभागीहरुले आफ्हरुलाई ग्रामीण क्षेत्रमै सिपमूलक तथा व्यावसायिक तालिमहरु सञ्चालन गरिनुपर्ने, जिल्ला विकास समितिको अपाङ्गता क्षेत्रअन्तर्गतको बजेटबाट आफ्हरु पनि लाभान्वित हुनुपर्ने र यातायात क्षेत्रमा ४५ प्रतिशत सहुलियत भएपनि पक्की बाटो मा पनि २५ प्रतिशतमन्दा बढी प्राप्त हुन कठिन भएको तथा बस्मा अपाङ्ग आरक्षण सिट समेत आफ्हरुले सहज रुपमा पाउन नसकेको गुनासो गरेका थिए ।

विविध सांस्कृतिक कार्यक्रम

पोखरा ८ जेठ ।

पोखरा १० रक्षा मार्गमा रहेको सामाजिक शिशु सेवा केन्द्रको आर्थिक सहयोगका लागि हिमाली सास्कृतिक परिवारले पोखरा उद्योग वाणिज्य संघको सभाहलमा विविध सांस्कृतिक कार्यक्रम गरेको छ । अपाङ्ग शिशुहरुको हेरचाह गर्ने उद्देश्यले २०७१ सालमा स्थापना भएको जिल्ला प्रशासन कार्यालय कास्कीमा दर्ता भई सञ्चालनमा आएको शिशु सेवा केन्द्रका अध्यक्ष रीतु गुरुङले हाल ५७ जना अपाङ्ग शिशुहरुको दिवाकालीन हेरचाह गरिरहेको जानकारी दिए । न्यून आय भएका अभिभावकहरुको अपाङ्गता भएका शिशुहरुको हेरचाह गर्न आर्थिक सहयोग जुटाउन सञ्चालन गरिएको सो कार्यक्रमको दौरानमा विभिन्न दाताहरुले आर्थिक सहयोग गरेका थिए ।

कार्यक्रममा स्वालम्बन जीवन पद्धति समाज नेपालका महासचिव हेम गुरुङले अपाङ्गहरुको अवस्था सजिलै बनाईदिन राज्य जिम्मेवार बन्नुपर्ने बताए । कार्यक्रममा गिरधारी सुवेदीले पनि सम्बोधन गरेका थिए ।

कुक चाहियो

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकस्थित चिनारी थकाली भान्छाघरका लागि थकाली खाना बनाउन जान्ने अनुभवी कुक आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

तलब : आकर्षक/आपसी समझदारीमा

सम्पर्क : **चिनारी थकाली भान्छाघर**
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा
फोन : ०६१-५२६३०५

यौन तथा प्रजनन रोग विशेषज्ञ डा. विनोद कुमार मिश्र मात्र १ दिनका लागि पोखरामा

धन्वन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर धुमबाराही काठमाडौंमा कार्यरत तथा नेपाल १ टेलिभिजनबाट प्रशारित चर्चित कार्यक्रम रात परेपछिका कार्यक्रम प्रस्तोता डा.विनोद कुमार मिश्र यही जेठ १५ गते बुधबार मात्र १ दिनका लागि पोखरा आउनुहुने भएकाले समयमै स्वास्थ्य परीक्षण गराई स्वास्थ्य लाभ लिनुहोस्।

पुरुषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष।

महिलाहरुमा देखिने : स्तन सानो मिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गडबढी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, ड्यिडफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुबी, सेतो दुबीका साथै अन्य चर्मरोगहरु।

महिला वा पुरुषमा हुने (बाँझोपना लि.सन्तानको सफल उपचार
मलद्वार सम्बन्धी रोग : पाबल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाछी हुने, मलद्वार इ.कने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार।

बिरामी जाँच्ने समय : बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर र कार्यालय नजिक) मानवर्दशन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३८५९४, ९८६०४११५३९, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

मण्टेश्वरी तालिममा भर्ना खुल्यो !

बिगत ९ वर्षदेखि पोखरा मण्टेश्वरी एण्ड मल्टिपल ट्रेनिङ सेन्टरले **CTEVT** बाट सम्बन्धन प्राप्त गरी दक्ष तथा अनुभवी प्रशिक्षकहरुद्वारा उत्कृष्ट मण्टेश्वरी तालिममा नेपालमै आफुनो पहिचान बनाउदै आएको सहर्ष जानकारी गराउन चाहन्छौं । कैयौं पटक जिल्ला तथा **१ पटक राष्ट्रिय शिक्षा पुरस्कार** बाट सम्मानित यस संस्था पोखरा, काठमाण्डौं, चितवन र बुटवलमा गरी हजारौं प्रशिक्षार्थीहरुलाई निःशुल्क तालिम सहित **CTEVT** को राष्ट्रिय सीप परीक्षण समितिबाट **सीप परीक्षण** गराई स्वदेश तथा विदेशमा रोजगारी दिलाउन सफल यस संस्थामा केही संख्यामा **तिन महिने** तालिमको **नयाँ भर्ना** खुलेको जानकारी गराउँदछौं ।

कक्षा सञ्चालन हुने मिति :- २०७३ जेष्ठ १६ गतेदेखि (तिन महिना)
भर्ना हुने अन्तिम मिति :- २०७३ जेष्ठ १४ सम्म
१२ कक्षाको परीक्षा दिएर बसेका विद्यार्थीका लागि **विशेष छुट** को व्यवस्था ।

पोखरा मण्टेश्वरी एण्ड मल्टिपल ट्रेनिङ्ग सेन्टर
रानीपौवा, पोखरा, फोन नं. ०६१-५४१८९३

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/ प्रधान सम्पादक अनाधार पराजुली, निर्देशक हरिणिण बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९५५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा